# जिल्ला समन्वय समिति मोरङ
# को
# वार्षिक प्रतिवेदन



## आ.वः २०७९/०८०



## दुई शब्द

नेपालको संविधानमा उल्लेख भए अनुसार जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार बमोजिम यस समितिले आफ्ना गतिविधीहरू सञ्चालन गर्दै आईरहेको छ । जिल्ला सभा ऐन, २०७५ को दफा ३ को क (११) मा व्यवस्था भए बमोजिम यस समितिले आफ्नो काम कारवाहीको सन्दर्भमा आ.व. ०७८/७९ को वार्षिक प्रतिवेदन पेश गर्न लागेको छ ।

नेपालको संविधान २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ तथा जिल्ला सभा ऐन, २०७५ को अधिनमा रही जिल्ला समन्वय समितिले समन्वय, सहजीकरण, सन्तुलित विकास र अनुगमन गर्ने काम, कर्तब्य र अधिकार रहेकोमा समग्र जिल्लालाई विकास र समृद्धिको यात्रामा अघि बढाउन सक्दो प्रयास गरिएको छ । जिल्लामा रहेका संघ तथा प्रदेश सरकारका कार्यालयहरू लगायत स्थानीय निकायहरु, जिल्लास्थित सरकारी तथा गैरसरकारी संघसंस्थाहरू, राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदार संस्थाहरू बीच सहकार्य, समन्वय र छलफल गर्दै मोरङ जिल्लाको हरेक क्षेत्रको विकासका लागि जिल्ला समन्वय समिति र यस समितिको कार्यालय सदैव तत्पर रहेको छ। जिल्ला समन्वय समिति स्वयंले जिल्ला भित्रका विकास व्यवस्थापनमा गरेको समन्वय, अनुगमन, सहजीकरण, सहकार्य तथा असल अभ्यास आदानप्रदानका प्रयासहरूलाई आत्मसात गरी स्थानीय निकायहरू, प्रदेश सरकार, संघीय सरकार एवं गैरसरकारी संस्थाहरू तथा अन्य सरोकारवाला निकायहरूले एकीकृत रूपमा एक आपसमा मिलेर काम गरेमा मात्र समग्र मोरङ जिल्लाको विकासको लक्ष्यलाई पूरा गर्न सकिन्छ ।

स्थानीय निकाय आफैले गर्न सक्ने कामहरू आफै गरी आवश्यकता अनुसार प्रदेश तथा संघको सहयोगको अपेक्षा गर्ने तथा स्थानीय निकायका अन्य सरोकारवालाहरू, प्रदेश सरकार तथा संघीय सरकार बीच उचित समन्वय कायम गरी विकासका क्रियाकलापहरू अगाडि बढाउनुपर्ने हुन्छ । हामी गर्न सक्छौं तथा हामीले गर्नुपर्छ भन्ने भावनाका साथमा जनप्रतिनिधि तथा कर्मचारीबीच समन्वयका साथ काम गरेमा यस जिल्ला समन्वय समितिको प्रभावकारितालाई अभिवृद्धि गर्न सकिन्छ भन्ने अपेक्षा राखेको छु । साथै यस प्रतिवेदन कार्यमा खटी सहयोग गर्नुहुने जिल्ला समन्वय समिति, मोरङका सम्पूर्ण कर्मचारी वर्गलाई धन्यवाद दिन चाहन्छु ।

अजम्बर राई

प्रमुख

जिल्ला समन्वय समिति, मोरङ

जिल्ला समन्वय समिति मोरङ, विराटनगर २०७३

नेपाल सरकार

# जिल्ला समन्वय समिति

मोरङ

## पदाधिकारीहरु



**अजम्बर राई**
प्रमुख
९८४२०५६९२०



**उषा झा**
उप–प्रमुख
९८४२०२६१३८



**उमा नेपाली**
महिला सदस्य
९८४२२००४७२



**उर्वशी कुमारी थारु**
महिला सदस्य
९८१०४०५६०८



**हरिमाया विश्वकर्मा**
महिला सदस्य
९८४२२२८४५१



**तुलसी प्रसाद घिमिरे**
सदस्य
९८४२१९६४६७



**मित्र प्रसाद ढकाल**
सदस्य
९८५२०२३६२९



**देवमणि कटुवाल**
सदस्य
९८४२०९३३२२



**चन्द्र कुमार सरदार**
सदस्य
९८१५९०२५३७

# विषय-सूची


१. परिचय........................................................................................१

२. जिल्ला समन्वय समितिको गठन....................................................................२

३. संघठनात्मक संरचना..........................................................................४

४. काम, कर्तव्य र अधिकार.......................................................................४

५. जिल्ला सभाको अन्य कार्य .......................................................................१०

६. गत आ.व.(२०७९/०८०) मा सम्पादित मुख्य मुख्य क्रियाकलाप...........................११

७. आम्दानी,खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरण.........................................२१

८. बैठक र निर्णयहरु...............................................................................२२

९. समन्वय तथा अनुगमन कार्य......................................................................२३

१०. सारांश,सल्लाह तथा सुझाव.....................................................................३५

११. जिल्ला समन्वय समितिले सहजीकरण र समन्वय गर्न सिक्ने बिषयहरु......................३६

१२. कार्यालयको वेभसाईट,ईमेल ठेगाना तथा सामाजिक सञ्जाल...................................३९

१३. जिल्ला समन्वय समिति मोरङबाट सम्पादित मुख्य मुख्य क्रियकलापका केही झलकहरु...........४०

## १.  परिचय

जिल्ला समन्वय समितिको कार्यालय निर्वाचित जनप्रतिनिधिहरूले नेतृत्व गर्ने कार्यालय हो। जिल्ला समन्वय समितिमा जिल्ला सभाका सदस्यहरुले निर्वाचित गरेका ६-९ जनाको संख्यामा पदाधिकारीहरु रहने व्यवस्था छ । जिल्ला भित्रका नगरपालिकाका प्रमुख र उपप्रमुख तथा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्षहरु जिल्ला सभाका सदस्य रहन्छन् । जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण काम जिल्ला समन्वय समितिले गर्ने संवैधानिक व्यवस्था रहेको छ । मोरङ जिल्लाको समन्वय समितिमा प्रमुख, उपप्रमुख र ७ जना सदस्य गरी जम्मा ९ जना पदाधिकारी रहनु भएको छ ।

मोरङ जिल्ला समन्वय समितिको बैठक प्रत्येक महिना कम्तिमा १ पटक नियमित रुपमा बस्ने गरेको छ भने आवश्यकता अनुसार बैठक बस्ने गरेको छ। संघीय सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन तथा दैनिक प्रशासन संचालनको लागि जिल्ला समन्वय अधिकारी (रा.प.द्वितीय.श्रेणी) को नेतृत्वमा निजामती, सेवा करार तथा विविध सेवाका कर्मचारीहरु कार्यरत रहेका छन्। नेपालको संविधानले धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समितिको व्यवस्था र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ९२ मा जिल्ला समन्वय समितिले गर्ने कार्यको कानूनी व्यवस्था रहेको छ ।

कोशी प्रदेशको राजधानीको रुपमा रहेको, ऐतिहासिक गौरव बोकेको मोरङ जिल्ला जनसंख्याको दृष्टिकोणले नेपालको दोश्रो स्थानमा रहेको छ । प्राचिनकालमा विराट राजाको राजधानी मोरङमा रहेको थियो भन्ने भनाई छ । कालान्तरमा यसै जिल्लामा “हाङ” नामक किराती राजाले राज्य संचालन गरेको पाइन्छ । त्यसबेला यस प्रशासनिक क्षेत्रलाई ‘मावरङ ” भनिन्थ्यो । पछि “मावरङ” भन्ने शब्द नै अपभ्रंश भई मोरङ भन्न थालिएको हो भन्ने किंवदन्ती रहेको पाइन्छ । अधिकांश भू-भाग तराइले ओगटेको यो जिल्ला पूर्वी नेपालको औधोगिक एवं व्यापारिक केन्द्रको रुपमा परिचित छ । औधोगिक नगरीको रुपमा परिचित यस जिल्लामा नेपालको पहिलो र ठूलो उधोग “विराटनगर जुट मिल” पनि पर्दछ।

मोरङ जिल्लाको आकृति उत्तर दक्षिण लम्बाईमा झण्डै बर्गाकारको छ । जमिनको बनावट अनुसार यस जिल्लामा पहाड़ी क्षेत्र, भावर क्षेत्र र तराई क्षेत्र रहेको छ । उष्ण, अर्धउष्ण र समशीतोष्ण हावापानी भएको यस जिल्तामा अधिकतम् तापक्रम ४२ डिग्री से. देखि न्यूनतम् ३.७ डिग्री से. सम्म पुग्दछ । बार्षिक औषत वर्षा १८१२ मि.मि. हुने गरेको छ । पहाडी बेल्ट निकै विकट रहेता पनि फलफूल तथा तरकारी उत्पादनमा क्रमश : विकसित बन्दैछ । बीचको भावर क्षेत्रमा माटो कम्ति भई ढुङ्गेनि भएकोले केही स्थानाहरूमा उत्पादन कम हुन्छ । तराई क्षेत्र समथल तथा मलिलो भएकाले धान, मकै, गहुँ, कोदो, तोरी जस्ता कृषिबाली राम्ररी उत्पादन हुन्छ ।

महाभारतकालीन विराट राजाको दरबार, राजारानी धिमाल पोखरी , गोविन्दपुरको सुनवर्षी पोखरी, हरैचाको किच्चक गढि , डाईनियाको हरिशचन्द्र गडी जस्ता ऐतिहासिक स्थलहरु रहेको मोरङ जिल्ला धार्मिक तथा पर्यटकीय

दृष्टिकोणले अघि बढ्दै गएको छ । सांस्कृतिक विविधता तथा विभिन्न जात जातिको बसोबास भएकोले आ-आफनै भेषभुषा तथा रहनसहन र संस्कृति यहाँ देख्न सकिन्छ । उत्पादन, गुणस्तरीय शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका विभिन्न अवसरको उपलब्धता तथा शहरीकरणको बढ्दो प्रभावका कारण अन्य जिल्लाबाट बसाई सरेर आउने क्रम बढदो छ ।

## २. जिल्ला समन्वय समितिको गठन

नेपालको संविधान (२०७२) को दफा २२० बमोजिम जिल्ला समन्वय समितिको गठन यस प्रकार रहेको छ :
(१) जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरूबीच समन्वय गर्न एक जिल्ला सभा रहनेछ ।

(२) जिल्ला सभामा जिल्ला भित्रका गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिका प्रमुख र उपप्रमुख सदस्य रहनेछन् । गाउँ सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीस दिन भित्र जिल्ला सभाको पहिलो बैठक बस्नेछ ।

(३) जिल्ला सभाले एक जना प्रमुख एक जना उपप्रमुख कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ ।

(४) सम्बन्धित जिल्लाभित्रको गाउँ सभा वा नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुनेछ । जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको पदमा निर्वाचित भएमा त्यस्तो व्यक्तिको गाउँ सभा वा नगर सभाको सदस्य पद स्वतः रिक्त हुनेछ ।

(५) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुनेछ ।

(६) देहायको कुनै अवस्थामा जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको पद रिक्त हुनेछ :-
(क) प्रमुखले उपप्रमुख समक्ष र उपप्रमुख वा सदस्यले प्रमुख समा लिखित राजीनामा दिएमा,

(ख) निजको पदावधि समाप्त भएमा,

(ग) निजको मृत्यु भएमा ।

(७) जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

(ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने,

(ग) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने,

(घ) प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने ।

(८) जिल्ला सभाको सञ्चालन, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा तथा जिल्ला सभा सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

## ३. संगठनात्मक संरचना

अनुसूची - १.७

जिल्ला समन्वय समिति,(७७ जिल्ला) को संगठन संरचना




*प्रमुखको निजि सचिवालयमा रहने रा.प.अनं.प्रथम तहको पदमा जिल्ला समन्वय समितिको कुनै कर्मचारीलाई खटाउन वा करारमा नियुक्त गर्न सक्नेछ । यसरी करारमा नियुक्त गरेको कर्मचारी प्रमुखको पदावधि समाप्त भएमा स्वतः अवकाश हुनेछ ।

४. **काम, कर्तव्य र अधिकार** ( संविधान, स्थानीय सरकार, जिल्ला सभा) देहाय बमोजिमका कार्यहरु यसको कार्यक्षेत्र भित्र पर्दछन् ।

**(क)<u>संवैधानिक व्यवस्था</u>**

**<u>नेपालको संविधानको धारा २२० अनुसारका कार्यहरुः-</u>**

- जिल्ला भित्रका नगरपालिका र गाँउपालिकाबीच समन्वय गर्ने,

- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्ने र सोको अनुगमन गर्ने,
- जिल्लामा रहने संघीय र प्रदेश कार्यालय र स्थानीय तहहरुबीच समन्वय गर्ने,
- संघीय तथा प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्ने ।

**(ख) <u>कानूनी व्यवस्था</u>**

**<u>स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम जिल्ला समन्वय समितिले गर्नुपर्ने कार्यहरु निम्नानुसार रहेका छनः-</u>**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९२ मा जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने उल्लेख रहेको छ।

(क) जिल्लाभित्रका गाउँपालिका वा नगरपालिकाको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,

(ख) जिल्लाभित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धि कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव या मार्गदर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,

(ङ) जिल्लाभित्रका गाउँपालिका र नगरपालिकबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

(च) जिल्लाभित्रका प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(छ) जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ,संस्था तथा निजी क्षेत्रसंग समन्वय गर्ने,

(ज) जिल्लाभित्रका विकास तथा निर्माण सम्बन्धि कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

(ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समिक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने सांसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने ।

**जिल्ला सभा ऐन, २०७५ को दफा ३ बमोजिम काम, कर्तव्य अधिकार देहाय बमोजिम रहेको छः-**

जिल्ला सभाको काम, कर्तव्य र अधिकारः नेपालको संविधानको धारा २२० उपधारा (७) का अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

**क. विकास कार्यमा समन्वय**

(१) जिल्लाको समग्र विकाससम्बन्धी जिल्लास्तरीय नीति र मापदण्ड तर्जुमा गरी गाउँ/नगरपालिका मार्फत् कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(२) जिल्लाको गौरव तथा दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्त्वका आर्थिक, सामाजिक, पर्यटन, तथा बातावरणीय सुधार र सुशासन क्षेत्रका आयोजना एवम् परियोजनाहरुको पहिचान गर्ने, लगानीको रणनीतिक योजना तर्जुम गर्ने र नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका र नगरपालिका गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रबीच समन्वय गर्ने,

(३) जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,

(४) संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच तथा जिल्लामा कार्यरत गैर सरकारी एवम् सामुदायिक संघसंस्था, जिल्लास्तरीय सञ्जालहरुबीच एकिकृत योजना प्रकृया, साझा कार्यप्रणाली तथा प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक समन्वय गर्ने,

(५) जिल्लाभित्रको प्राकृतिक श्रोत साधनको दिगो उपयोग, वातावरणीय तथा पर्यावरणीय प्रभाव मूल्यांकन, प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने र अन्तर गाउँपालिका नगरपालिकाबीचका त्यस्ता योजना र कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्न समन्वय गर्ने,

(६) जिल्लाभित्रको विकास तथा निर्माणसम्बन्धी कार्यमा स्थलगत समुदायगत, विषयगत क्षेत्रगत र पर्यावरणीय सन्तुलन तथा प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान एवम् अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका तथा नगरपालिका र सरोकारवाला निकायहरुलाई सुझाव दिने,

(७) जिल्लाको समग्र विकासका लागि विभिन्न विषयमा सरोकारवालाहरुसँग समन्वय गर्ने,

(८) जिल्ला भित्रका विकास तथा निर्माण कार्यमा सन्तुलन कायम गर्ने र अनुगमनबाट प्राप्त निष्कर्षका बारेमा सम्बन्धित कार्यालयमा लेखी पठाउने,

(९) जिल्लाभित्र सञ्चालित संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने,

(१०) जिल्लास्तरीय अन्तर गाउँपालिका तथा नगरपालिका खेलकूद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गरी उत्तम अभ्यासको प्रवर्द्धन तथा अन्तर गाउँपालिका तथा नगरपालिकाबीच विकासमा सकारात्मक ढंगले प्रोत्साहित गर्ने,

(११) आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैंतालीस दिन भित्र प्रतिवेदन पेश गर्ने ।

**ख. <u>अनुगमन कार्य</u>**

(१) विद्युतीय प्रणालीमा जिल्ला अनुगमन विश्लेषण प्रणालीको स्थापना संचालन गर्ने,

(२) जिल्लाभित्रका नेपाल सरकार तथा प्रदेश सरकारका विषयगत कार्यालयहरुबाट भइरहेका चालू योजना र कार्यक्रमहरु गाउँपालिका तथा नगरपालिकासँगको समन्वयमा भए नभएको, दिगो विकास लक्ष्य प्राप्तिमा योगदान भए/नभएको तथा सेवाको गुणस्तर, परिणाम र समय कायम भए/नभएको विषयमा अनुगमन गरी नेपाल सरकार तथा प्रदेश सरकारमा सुझाव तथा प्रतिवेदन पेश गर्ने,

(३) गाउँपालिका र नगरपालिकाको देहायको विषयमा अनुगमन तथा कार्यसम्पादन मापन गरी आवश्यक परिपालना गर्न सुझाव दिनेः-

(क) गाउँपालिका र नगरपालिकाबाट संवैधानिक तथा कानूनी परिपालनाको विषय,

(ख) वित्तीय व्यवस्थापन तथा प्रभावकारिताको विषय,

(ग) सुशासन प्रवर्द्धनको विषय,

(घ) पदाधिकारीबीचको सुमधुर अन्तरसम्बन्धको विषय ।

(४) कानूनबमोजिम गाउँसभा, नगरसभा संचालन भए/नभएको अध्ययन गर्ने र नभएको भए तत्काल कानून बमोजिम गर्न सुझाव दिने,

(५) जिल्लाभित्र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था, विषयगत, क्षेत्रगत सञ्जालबाट सञ्चालन भइरहेको चालू योजना र कार्यक्रमहरुमा स्थानगत, विषयगत क्षेत्रगत लगायतको सन्तुलन भए/नभएको तथा कार्यक्रमको प्रभावकारिता र व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गरी आवश्यक सुझाव दिने ।

**ग. <u>सूचना, तथ्यांङ्क तथा अभिलेख व्यवस्थापन कार्य</u>**

(१) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने

(२) नवीनतम् सूचना प्रविधिको प्रयोग गरी जिल्ला तहको जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्यांक सङ्कलन र प्रशोधन गरी नवीनतम् प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा अद्यावधिक गर्ने र जिल्ला पार्श्वचित्र, जिल्लाको श्रोत नक्सा, भौगोलिक सूचना प्रणालीको अद्यावधिक गरी अभिलेख राख्ने,,

३) जिल्लाभरिको सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको तथ्याङ्क संकलन गरी अद्यावधिक अभिलेख राख्ने,

(४) जिल्लाभित्र सम्पन्न भएका तथा सञ्चालित चालु विकास आयोजना तथा परियोजनाको लगत राखे,

(५) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाले तर्जुमा गरेका कानूनहरुको अभिलेखीकरण गर्ने,

(६) जिल्लास्तरीय अन्य आवश्यक तथ्यांक तथा सूचनाको संकलन तथा अभिलेखन गर्ने ।

**घ. <u>क्षमता विकास कार्य</u>**

(१) गाउँपालिका तथा नगरपालिकाको आवश्यकता माग बमोजिमका विषयगत क्षेत्रमा क्षमता विकास योजना तर्जुमा गरी त्यस्तो कार्यमा सहयोग र समन्वय गर्ने,

(२) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

(३) गाउँपालिका तथा नगरपालिकामा दिगो विकासका लक्ष्यसँग सम्बन्धित सूचना, शिक्षा र क्षमता विकास गतिविधि संचालन गर्न आवश्यक कार्य गर्ने,

(४) जिल्लाको विशिष्ठता अनुसार गाउँपालिका तथा नगरपालिकाबाट अभियानात्मक विकास गतिविधि सञ्चालन गर्न आवश्यक ज्ञान, सीप अभिवृद्धि कार्यक्रम संचालन गर्न आवश्यक कार्य गर्ने,

(५) राजस्वका क्षेत्र पहिचान तथा सम्भाव्यता अध्ययन गरी श्रोतको उच्चतम परिचालनका लागि गाउँपालिका नगरपालिकालाई तालिम, अभिमुखीकरण प्रदान गर्ने एवम् आवश्यक सहयोग गर्ने,

(६) जिल्लास्तरीय विभिन्न सञ्जालहरुको संस्थागत क्षमता विकास सम्बन्धी कार्य गर्ने ।

### ङ. व्यवस्थापन कार्य

जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग क प्रभावकारी सेवा प्रवाह सुनिश्चित गर्न देहायका कार्यहरु जिल्ला सभामार्फत् साझेदारी, सम्झौता वा संयुक्त व्यस्थापनमा गर्न सक्नेछ :-

(क) जिल्लास्तरीय यातायातको सञ्चालन तथा व्यवस्थापन नीति तथा मापदण्ड तर्जुमा र अनुगमन,

(ख) आधारभूत तथा माध्यामिक तहको प्राविधिक शिक्षाको सञ्चालन, प्रवर्द्धन र विकास,

(ग) फोहोरमैला विसर्जन स्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन,

(घ) बृहत पूर्वाधार निर्माण, ठूलो मेसिन तथा औजार खरिद र व्यवस्थापन,

(ङ) बस्ती विकास तथा भू-उपयोग योजना,

(च) पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास,

(छ) दमकल तथा एम्बुलेन्स सेवाको सञ्चालन,

(ज) असल अभ्यास र अनुभवको आदान प्रदान ।

### च. प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्य

(१) आफ्नो जिल्लाभित्र कुनै प्राकृतिक प्रकोप, दुर्घटना वा कुनै विपद् देखा परेमा प्रकोप तथा विपद् व्यवस्थापनमा जिल्लाभरिका सबै गाउँ/नगरपालिकाबीच समन्वय गरी एकीकृत ढंगले कार्यक्रम संचालन गर्न पहल गर्ने,

(२) विपद् तथा प्रकोप व्यवस्थापनमा जिल्लाभरिका सबै निकायहरुबीच उद्धार र राहत कार्य प्रभावकारी बनाउन समन्वय गर्ने,

(३) विपद् तथा प्रकोप व्यवस्थापनमा प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय र सहकार्य गर्ने ।

**छ. <u>भाषा,कला,र संस्कृति संरक्षण तथा प्रवर्द्धन सम्बन्धी कार्य</u>**

(१) जिल्लाभित्र प्रचलनमा रहेको भाषा कला र संस्कृतिको खोज, अध्ययन तथा अनुसन्धान गर्न स्थानीय सरकार तथा प्रदेश सरकारबीच समन्वय गर्ने,

(२) जिल्लाको भाषा, कला र संस्कृति संरक्षणसम्बन्धी कार्य गर्ने,

(३) जिल्लाभित्रका गैरसरकारी संस्था, दातृनिकाय, गुठी आदि सँगको समन्वयमा जिल्लाको भाषा, कला र संस्कृतिको प्रवर्द्धन गर्ने ।

## ५. <u>जिल्ला सभाको अन्य कार्य</u>

जिल्ला सभाले आफ्नो जिल्लामा भएका पूर्वाधार विकास तथा सेवा प्रवाहका सम्बन्धमा अनियमित ढंगले काम गरेको पाइएमा सम्बन्धित निकायलाई आवश्यक कारबाहीको लागि सिफारिस गर्न सक्नेछ र त्यस्तो निकायले यसरी सिफारिस भई आएको विषयमा तत्काल जाँचबुझ गरी आवश्यक कारबाही अगाडि बढाउनु पर्नेछ र सो को जानकारी सम्बन्धित जिल्ला समन्वय समितिलाई दिनु पर्नेछ ।

## ६. गत आ.व.(२०७९/०८०) मा सम्पादित मुख्य मुख्य क्रियाकलाप

| क्र.सं. | महिना | सम्पादित मुख्य मुख्य क्रियाकलाप | कैफियत |
|---|---|---|---|
| १. | श्रावण | • जिल्ला समन्वय समितिको बैठक(मिति २०७९/०४/०५ र २०७९/०४/२२)<br>• जिन्सी निरिक्षण (मिति २०७९/०४/०४)<br>• श्री पर्यटन तथा संस्कृति मन्त्रालय, प्रदेश नं. १, विराटनगर, मोरङलाई Selling Brand तथा पर्यटकीय गन्तव्य छनौट गरी पठाईएको, (मिति २०७९/०४/०६)<br>• श्री गृह मन्त्रालय, सिंहदरबार काठमाण्डौंलाई सुन्दरहरैंचा नगरपालिका वडा नं. ०४ मा ईलाका प्रशासन कार्यालय स्थापनाको लागि सिफारिस,(मिति २०७९/०४/१८)<br>• आप्रवासी कामदारको लागि न्यायमा पहुँच सम्बन्धी कार्यक्रम आयोजना र संचालनमा समन्वय,(मिति २०७९/०४/१९)<br>• तेश्रो जिल्ला सभा संचालन,(मिति २०७९/०४/२५)<br>• पूर्व जि.स.स.का पदाधिकारीहरुलाई सम्मान कार्यक्रम,(मिति २०७९/०४/२५) | |
| २. | भाद्र | • राष्ट्रिय महिला आयोगको आयोजनामा महिलाको नीतिगत तहमा पहुँच स्थापित गराउन राजनीतिक सहभागिता र सशक्तिकरणको लागि प्रदेश स्तरीय अन्तर्क्रिया कार्यक्रम आयोजना तथा संचालनमा समन्वय,(मिति २०७९/०५/०७)<br>• जिल्ला समन्वय समितिको बैठक(मिति २०७९/०५/०६)<br>• जिल्ला वन पैदावार आपूर्ति समिति सदस्य तोकी श्री डिभिजन वन कार्यालय, मोरङलाई पठाईएको,(मिति २०७९/०५/१५)<br>• श्री स्वास्थ्य कार्यालय विराटनगर मार्फत ईडेनवर्ग ईन्टरनेशनल कलेज, विराटनगरमा BPH 7th semester मा अध्ययनरत विद्यार्थीहरुलाई कार्यालय अवलोकन तथा प्रशासन तथा व्यवस्थापनका सम्बन्धमा अन्तर्क्रिया कार्यक्रम सम्पन्न,(मिति २०७९/०५/२३)<br>• प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय/ स्वास्थ्य मन्त्रालय, स्थानीय तहहरु र करुणा फाउणडेसन नेपालको त्रिपक्षीय साझेदारीमा संचालित | |

<table>
<tr><td></td><td></td><td>अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमको समिक्षा बैठक आयोजना तथा संचालनमा समन्वय,(मिति २०७९/०५/२७)</td><td></td></tr>
<tr><td>३.</td><td>आश्विन</td><td>
<ul>
<li>श्री प्रदेश प्रशिक्षण केन्द्र, कलवलगुरी, झापाको आयोजनामा नव निर्वाचित जनप्रतिनिधिहरु(वडा अध्यक्षहरु) का लागि ३ दिने अभिमुखिकरण कार्यक्रमको आयोजना तथा संचालन, व्यवस्थापनमा समन्वय,(मिति २०७९/०६/०४-०६)</li>
<li>जिल्ला समन्वय समितिको बैठक(मिति २०७९/०६/०९ र २०७९/०६/२७)</li>
<li>जि.स.स. मातहतमा रहेका सटरहरुको भाडादर पुनरावलोकन र निर्धारण, (मिति २०७९/०६/०९)</li>
<li>जि.स.स.को तर्फबाट बडा दशैं, दिपावली, छैठ लगायतका चाडपर्वहरुको सन्दर्भमा शुभेच्छाका भनाई सहित शुभकामना आदान-प्रदान,(मिति २०७९/०६/०९)</li>
<li>कृषि ज्ञान केन्द्र, मोरङको आयोजनामा केन्द्रको आ.व. ०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रम सार्वजनिकीकरण कार्यक्रमको आयोजना तथा संचालनमा समन्वय,(मिति २०७९/०६/११)</li>
<li>तपसिल बमोजिमका सवारीसाधनहरु प्रदेश सभा सचिवालय, प्रदेश नं. ०१, विराटनगर, मोरङलाई आवश्यक प्रक्रिया पुरा गरि हस्तान्तरण गरिएको ।(मिति २०७९/०६/२६)</li>
</ul>
<table>
<tr><th>क्र.सं.</th><th>सवारी साधन</th><th>मोडेल</th><th>दर्ता नं.</th><th>सवारीसाधनको अवस्था</th><th>कैफियत</th></tr>
<tr><td>१.</td><td>मोटरसाइकल</td><td>२०१० होण्डा साइन</td><td>को ५ प ६०१०</td><td>चालु अवस्थामा रहेको नियमित मर्मत संभार गर्नुपर्ने</td><td></td></tr>
<tr><td>२.</td><td>मोटरसाइकल</td><td>२०१० सुपर स्पलेण्ड</td><td>को १ ब ८२१</td><td>चालु अवस्थामा रहेको</td><td></td></tr>
</table>
</td><td></td></tr>
</table>

<table>
<tr>
<td></td>
<td></td>
<td>
<table>
<tr><td></td><td></td><td>र</td><td></td><td>नियमित मर्मत संभार गर्नुपर्ने</td><td></td><td></td></tr>
<tr><td>३.</td><td>मोटरसाइकल</td><td>२००९ होण्डा साइन</td><td>को ६ प ९०</td><td>चालु अवस्थामा रहेको नियमित मर्मत संभार गर्नुपर्ने</td><td></td><td></td></tr>
<tr><td>४.</td><td>मोटरसाइकल</td><td>२००८ होण्डा साइन</td><td>को १ ब ३२८</td><td>चालु अवस्थामा रहेको नियमित मर्मत संभार गर्नुपर्ने</td><td></td><td></td></tr>
</table>
<ul>
<li>कटहरी गाउँपालिका, मोरङमा कार्यरत सव-ईन्जिनियर श्री खेमराज सुवेदीज्यूलाई काजमा खटाई जि.स.स. मौज्दात कोषबाट संचालित योजनाहरुको अनुगमन, मूल्याङ्कन र भुक्तानीका कार्यहरु, ,(मिति २०७९/०६/२६)</li>
</ul>
</td>
<td></td>
</tr>
<tr>
<td>४.</td>
<td>कार्तिक</td>
<td>
<ul>
<li>जिल्ला समन्वय समितिको बैठक(मिति २०७९/०७/२७)</li>
<li>जि.स.स. मौज्दात कोषबाट संचालित योजनासंग सम्झौता अनुगमन सम्बन्धी कार्य,</li>
</ul>
</td>
<td></td>
</tr>
<tr>
<td>५.</td>
<td>मंसिर</td>
<td>
<ul>
<li>जिल्ला समन्वय समितिको बैठक(मिति २०७९/०८/०७ र २०७९/०८/२१)</li>
<li>जिल्ला मोरङका सम्पूर्ण स्थानीय तहको संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन (FRA) सम्बन्धी ५ दिने अनुशिक्षण तथा अन्तरक्रिया सम्बन्धी कार्यक्रमको आयोजना,(मिति २०७९/०८/१३-१७)</li>
<li>आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव श्री उमेश बस्नेतज्यूको</li>
</ul>
</td>
<td></td>
</tr>
</table>

| | | | |
|---|---|---|---|
| | | उपस्थितिमा जिल्ला समन्वय समितिको बारेमा अध्ययन, अनुगमन, अग्रसरता र अन्वेषणका बिषयमा छलफल तथा अन्तर्क्रिया कार्यक्रमआयोजना,(मिति २०७९/०८/२१) | |
| ६. | पुष | • जिल्ला समन्वय समितिको बैठक(मिति २०७९/०९/१२)<br>• मोरङ जिल्ला अन्तर्गतका स्थानीय तहहरुसंगको साझेदारीमा कार्यक्रम कार्यान्वयन गर्ने निर्णय, (मिति २०७९/०९/१२)<br>• मानव अधिकार आयोग, प्रदेश नं. १, विराटनगरका प्रमुख तथा मानव अधिकार अधिकृत द्वयको उपस्थितिमा मानव अधिकार राष्ट्रिय कार्ययोजना समितिको बारेमा जिल्ला समन्वय समितिको भूमिका लगायतका विषयमा छलफल, (मिति २०७९/०९/१२)<br>• जिल्ला मोरङका सम्पूर्ण स्थानीय तहको संस्थागत क्षमता स्वमुल्याङ्कन (LISA) र वित्तीय सुशासन जोखिम मूल्याङ्कन(FRA) सम्बन्धी प्रारम्भिक नतिजा जिल्ला समन्वय समितिको कार्यालयमा यथाशीघ्र प्रेषित गर्ने कार्यमा अनुगमन तथा समन्वय,(मिति २०७९/०९/१७)<br>• जिल्ला सभा ऐन, २०७५ को दफा ३ मा उल्लेखित काम, कर्तव्य र अधिकारको समन्वय र अनुगमन गर्न जिल्ला समन्वय समितिका पदाधिकारीहरुबीच कार्यक्षेत्र विभाजन,(मिति २०७९/०९/१०)<br>• जिल्ला समन्वय समिति महासंघको पोखरामा भएको अधिवेशनमा जि.स.स. प्रमुख श्री अजम्बर राईज्यू, उप-प्रमुख श्री उषा झाज्यू र सदस्य श्री हरिमाया विश्वकर्माज्यू लगायतको सहभागिता, (मिति २०७९/०९/२१-२०७९/०९/२५ सम्म)<br>• मोरङ जिल्लाका गैह्र सरकारी संघ/संस्था संग समन्वयात्मक बैठक, (मिति २०७९/०९/२६) | |
| ७. | माघ | • जिल्ला समन्वय समितिको बैठक (मिति २०७९/१०/०९ र मिति २०७९/१०/२४)<br>• मोरङ जिल्लाभरीका स्थानीय तहहरुबीच समिक्षा, समन्वय तथा असल अभ्यास आदान-प्रदान कार्यक्रम रंगेली नगरपालिका र बेलबारी नगरपालिकामा सम्पन्न ।(मिति २०७९/१०/०३ र ०४)<br>• पूर्व पश्चिम लोकमार्गको जिरीखिम्ती उत्तरतर्फको पोखरी निर्माणको क्रममा निस्कने माटोको उचित व्यवस्थापन गर्नका लागि डिभिजन वन कार्यालय, मोरङलाई सिफारिस, (मिति २०७९/१०/०५) | |

| | | | |
|---|---|---|---|
| | | • मानव अधिकारका लागि जनमञ्च पिपुल फोरमले Open Society Foundation(OSF) को आर्थिक सहयोगमा वैदेशिक रोजगारीमा जाँदा र जान चाहने व्यक्तिहरुलाई निःशुल्क कानूनी सहायता सम्बन्धी कार्यक्रम आयोजना संचालन र व्यवस्थापनमा समन्वय (मिति २०७९/१०/१३)<br>• श्री राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति, सलकपुर, मोरङलाई प्रारम्भिक वातावरणीय परिक्षण अनुसार लेटाङको चिसाङ खोला क्षेत्रको लोखरा नाका, लामिटार नाका, पाटीखेत नाका र तेली खोला क्षेत्रको पापुगौडा नाकाको चुरे क्षेत्रमा पर्ने भु-भागमा बर्षायाममा खोलाले बगाएर ल्याएको ढुङ्गा, गिटी, रोडाको ओभर डिपोजिटको नदीजन्य पदार्थ बिक्री तथा व्यवस्थापन कार्यको लागि उक्त नाकाहरुको ठेक्का बन्दोबस्त गर्न सहमतिका लागि सिफारिस (मिति २०७९/१०/१७)<br>• साविकको जिल्ला विकास समिति मोरङ अन्तर्गत सिमा क्षेत्र विकास , कार्यक्रम प्रयोजनार्थ प्रयोगमा ल्याईएको बा १ झ ८१८८ नम्बरको चार पाङ्ग्रे सवारी साधन सम्पूर्ण स्वामित्व तथा दायित्व गाउँपालिकाकै नाममा रहने गरी जहदा गाउँपालिकालाई सवारी साधन हस्तान्तरण, (मिति २०७९/१०/१७)<br>• ढुङ्गा, गिट्टी, वालुवा उत्खनन्, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिको बैठक आयोजना तथा संचालन, व्यवस्थापन, (मिति २०७९/१०/१९)<br>• लैङ्गिक हिंसा व्यवस्थापन सल्लाहकार समितिको बैठक संचालन तथा व्यवस्थापनमा समन्वय, (मिति २०७९/१०/२०)<br>• नगर विकास ऐन, २०४५ को दफा ४ बमोजिम गठन हुने नगर विकास समितिको सदस्यमा जिल्ला समन्वय समिति, मोरङबाट सदस्य श्री तुलसी प्रसाद घिमिरेज्यूलाई मनोनयन गरी विराटनगर महानगरपालिका पठाईएको (मिति २०७९/१०/२४)<br>• कार्यालय भवन, आवास भवन र कम्पाउण्ड वालको नक्शा पास अभिलेखीकरण प्रक्रिया र मर्मत संभारका लागि लागत अनुमान तयार गर्ने निर्णय, (मिति २०७९/१०/२४) | |
| ८. | फाल्गुन | • जिल्ला समन्वय समितिको बैठक, (मिति २०७९/११/३०)<br>• श्री शहरी तथा भवन विकास कार्यालयसंग शौचालयको मर्मत संभारका लागि आर्थिक तथा प्राविधिक सहयोग माग, (मिति २०७९/११/०४) | |

| | | | |
|---|---|---|---|
| | | • श्री स्थानीय पुर्वाधार बिकास कार्यालय इटहरी, सुनसरीलाई पथरीशनिश्चरे नगरपालिका वडा नं ८ दोहलु शुक्रबारे र कानेपोखरी गाउँपालिका वडा नं ४ ऋषिदेव बस्ती बीचमा रहेको डाँस खोलामा पक्कि पुल निर्माणका लागि बजेट विनियोजन गरि पक्कि पुल निर्माण कार्य अगाडि बढाउन सिफारिस, (मिति २०७९/११/०४)<br><br>• मोरङ जिल्ला भरी हात्तिपाईले रोगको विरुद्धमा सम्पूर्ण जनसमुदायमा आम औषधि खुवाउने कार्यक्रमको समन्वयात्मक बैठक संचालन, व्यवस्थापन तथा समन्वय, (मति २०७९/११/०५)<br>• स्थानीय तहको बाल संरक्षण प्रणालीको संस्थागत बिकासका लागि छलफल र सहजीकरण गर्न एक दिवसीय कार्याशालाको लागि समन्वय तथा सहजीकरण ,(मिति २०७९/११/१५) | |
| ९. | चैत्र | • जिल्ला समन्वय समितिको बैठक, (मिति २०७९/१२/१५)<br><br>• सुनबर्षी नगरपालिका वडा नं. ०४, गान्धी आश्रम स्थित भारत सरकारको आर्थिक अनुदानमा निर्मित श्री जनता माध्यमिक विद्यालय तथा केराबारी गाउँपालिका वडा नं. ०८ स्थित श्री मच्छिन्द्र माध्यमिक विद्यालयको भवनको समुद्धाटन कार्यक्रम जिल्ला समन्वय समिति, मोरङका प्रमुख श्री अजम्बर राईज्यू, नेपालका लागि भारतीय राजदूत महामहिम श्री नवीन श्रीवास्तवज्यू लगायतको उपस्थितिमा सम्पन्न ।(मिति २०७९/१२/०८)<br>• साविकको जिल्ला विकास समिति हाल जिल्ला समन्वय समितिको कार्यालयबाट गर्रिँदै आएको जलस्रोत उपभोक्ता संस्था दर्ताको कार्य स्थानीय तहको क्षेत्राधिकारभित्र परेको हुँदा सोको जानकारीसाथ जिल्ला समन्वय समितिको मिति २०७९/०६/०९ को निर्णय संलग्न राखी स्थानीय तहलाई लेखी पठाईएको । (मिति २०७९/१२/१०)<br>• स्वास्थ्य, शिक्षा, कृषि, सशक्तिकरण, उर्जा तथा वातावरण लगायतका क्षेत्रमा काम गर्दै आईरहेको साहारा नेपालद्वारा संचालित विश्वास परियोजनाको बार्षिक समिक्षाका लागि जिल्ला स्तरीय सल्लाहाकार समितिको बैठक आयोजना, संचालन तथा व्यवस्थापनमा सहयोग, समन्वय र सहजीकरण । (मिति २०७९/१२/१५)<br>• हालको बेलबारी नगरपालिका अन्तर्गत पर्ने साविकको बेलबारी, कसेनी, | |

| | | | |
|---|---|---|---|
| | | डाँगीहाट, बाहुनी गाविसको बिभिन्न मितिको तपसिल बमोजिमका घटना दर्ता सूचना फारमका अभिलेख किताबहरु पठाईएको।(मिति २०७९/१२/१४)<br>• श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाण्डौं लाई श्री उर्लाबारी बहुमुखी क्याम्पसका लागि एकाउन्न सिट वा सोभन्दा माथिको विद्यार्थी ल्याउने/लाने बस थान १(एक) कर छुटमा खरिद गर्ने कार्यमा आवश्यक प्रक्रियाका लागि सहयोग, समन्वय तथा सहजीकरण गरिदिनुहुन सिफारिस साथ अनुरोध । (मिति २०७९/१२/२०)<br>• नेपाल परिवार नियोजन संघ विराटनगरद्धारा संचालित परिवार नियोजन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी सेवा तथा कार्यक्रम परियोजनाको जिल्ला स्तरीय परियोजना सल्लाहाकार समितिको बैठक आयोजना, संचालन तथा व्यवस्थापनमा सहयोग, समन्वय र सहजीकरण (मिति २०७९/१२/२६)<br>• साविक जिल्ला विकास समितिको कार्यालय मोरङबाट कार्यालय सहयोगी पदमा अस्थायी तथा स्थायी नियुक्ती भई हाल श्री बुढीगंगा गाउँपालिका हात्तिमुडा, मोरङमा कार्यरत श्री होमनाथ अधिकारी मिति २०७९/१२/१३ बाट लागू हुने गरी अनिवार्य अवकास हुनु भएको हुँदा स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २४९ उपदफा २ तथा नियमावली, २०५६ को नियम २६५ को उपनियम १ र २ मा व्यवस्था भए बमोजिम सेवा सुविधा उपलब्ध गराउन यस कार्यालयको कर्मचारी कल्याण कोषमा रहेको रकममा अपुग हुने भएकोले निजको विवरण तथा कागजात संलग्न गरी सेवा सुविधा भुक्तानी प्रक्रियाको लागि श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौमा लेखी पठाईएको ।(मिति २०७९/१२/२६)<br>• श्री संघीय आयोजना कार्यान्वयन ईकाई, विराटनगरलाई ल्याब टेष्ट मेसिन अन्य सामाग्रीहरुको भौतिक अवस्था परिक्षण गरी भवन र सडकको निर्माण कार्यको नमूना परिक्षणका लागि आवश्यक मेशिन तथा अन्य सामाग्रीहरुको सूचि उपलब्ध गराईदिनुहुन अनुरोध साथै, यस कार्यालयको आवास भवनहरु जिर्ण अवस्थामा रहेको हुँदा उक्त भवनहरुको मर्मत संभार गरी प्रयोगमा ल्याउने कार्यको लागि आर्थिक तथा प्राविधिक सहयोगका लागि अनुरोध गरियो ।(मिति २०७९/१२/२९)<br>• श्री नेपाल विद्युत प्राधिकरण, विराटनगरलाई ल्याब टेष्ट मेसिन मा विद्युत प्रवाहको स्थितिको परिक्षण गरी प्राविधिक सहयोगका लागि अनुरोध गरियो ।(मिति २०७९/१२/२९) | |

| | | | |
|---|---|---|---|
| | | | |
| १०. | वैशाख | • जिल्ला समन्वय समितिको बैठक (मिति २०८०/०१/२४)<br>• मोरङ जिल्ला भरीका सबै स्थानीय तहले विपद व्यवस्थापनसंग सम्बन्धित काम गर्दा जिल्ला समन्वय समिति, मोरङसंग समन्वय गरिदिनुहुन जिल्ला समन्वय समितिको मिति २०७९/१२/१५ को निर्णयानुसार अनुरोध गरियो ।(मिति २०८०/०१/०४)<br>• संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र अन्तरसम्बन्ध समन्वयलाई प्रवर्द्धन गर्न तथा जिल्ला सभा ऐन, २०७५ बमोजिम जिल्ला सभाको काम, कर्तव्य र अधिकार कार्यान्वयनका लागि जिल्ला समन्वय समितिको कार्यालयलाई अनुदान हस्तान्तरण गर्न निर्णय भए अनुसारको रकम निकासा गरिदिनुहुन ग्रामथान गाउँपालिकालाई अनुरोध गरियो । (मिति २०८०/०१/२०)<br>• सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार अभियानको पहल कार्यको लागि विद्यालय, अभिभावक तथा सरोकारवालाबीच समन्वय तथा सहजीकरण गरिदिनुहुन मिति २०८० साल वैशाख २४ को जिल्ला समन्वय समितिको निर्णयानुसार अनुरोध गर्दै सुधार अभियानको संयोजक उप-प्रमुख श्री उषा झाज्यूलाई तोकिएको व्यहोरा जानकारीका लागि अनुरोध गरियो।(मिति २०८०/०१/२६)<br>• संघ, प्रदेश र स्थानीय तहबीचको सहकारिता, सहअस्तित्व र अन्तरसम्बन्ध समन्वयलाई प्रवर्द्धन गर्न तथा जिल्ला सभा ऐन, २०७५ बमोजिम जिल्ला सभाको काम, कर्तव्य र अधिकार कार्यान्वयनका लागि जिल्ला समन्वय समितिको कार्यालयलाई अनुदान हस्तान्तरण गर्न निर्णय भए अनुसारको रकम निकासा गरिदिनुहुन धनपालथान गाउँपालिकालाई अनुरोध गरियो । (मिति २०८०/०१/२८)<br>• मन्त्रालयको प.सं २०७९/०८० च.नं २७७ मिति २०८०/०१/१९ गतेको प्राप्त पत्रानुसार यस कार्यालयको बेरुजु फछ्र्यौटका लागि आ.व २०७३/०७४ सम्म कायम रहेका बेरुजु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम फछ्र्यौटका लागि भएका कार्य प्रगति उल्लेखित व्यहोरा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लाई अनुरोध गरियो । (मिति २०८०/०१/२८) | |

| | | | |
|---|---|---|---|
